# प्रथम वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७६/७७

## (२०७६ मङ्सिर - २०७७ आषाढ)

**प्रदेश लोक सेवा आयोग**

**बागमती प्रदेश, हेटौडा**

# प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, नेपाल


**सम्पर्क**

प्रदेश लोक सेवा आयोग

**ठेगाना**

हेटौडा उपमहानगरपालिका-५, बुद्धमार्ग

सानोपोखरा, हेटौडा

**टेलिफोन**

०५७-५९०६१३

०५७-५९०६१४

०५७-५९०६१५

**इमेल**

info.spsc@bagamati.gov.np

**वेबसाइट**

http://spsc.bagamati.gov.np

# प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ बमोजिम

# माननीय प्रदेश प्रमुख समक्ष प्रस्तुत गरिएको

# प्रदेश लोक सेवा आयोगको

# प्रथम वार्षिक प्रतिवेदन

यस प्रतिवेदनमा प्रदेश लोक सेवा आयोगको

२०७६ मङ्सिर २ गते देखि २०७७ आषाढ ३१ गते सम्मका

काम कारबाहीहरू समेटिएका छन् ।

# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौडा

मितिः २०७७-०६-१२

**विषयः आयोगको प्रथम वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको।**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश, हेटौडा।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ बमोजिम प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०७६/०७७ मा सम्पादन गरेका काम-कारबाहीहरूको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ।

**भवदीय,**

**(सुरेश मान श्रेष्ठ)**
**अध्यक्ष**

**(सुदर्शन प्रसाद ढकाल)**
**सदस्य**

**(शर्मिला नेउपाने)**
**सदस्य**


**(भोला दाहाल)**
**निमित्त सचिव**

## प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू



सुरेश मान श्रेष्ठ

अध्यक्ष



सुदर्शन प्रसाद ढकाल

सदस्य



शर्मिला नेउपाने

सदस्य



भोला दाहाल

निमित्त सचिव

# धन्यवाद ज्ञापन

नेपालको संविधानको धारा २४४ ले प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था गरेको छ। सोही बमोजिम २०७६ साल असोज २८ गते देखि प्रदेश लोक सेवा आयोग ऐन, २०७६ कार्यान्वयनमा आएपश्चात् २०७६ साल मङ्सिर २ गते अध्यक्षको नियुक्ति सँगै आयोगको गठन भएको र माघ ६ गते सदस्यद्वयको नियुक्ति पछि प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशले पूर्णता प्राप्त गरेको छ।

प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान ब्युरो, प्रदेश सङ्गठित संस्थाको सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारहरूको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने प्रमुख जिम्मेवारी आयोगको काँधमा छ।

यसै सन्दर्भमा सङ्घीयताको ऐतिहासिक कार्यान्वयनार्थ प्रदेश लोक सेवा आयोगको गठनका लागि सिफारिस गर्नु हुने प्रदेश सरकार माननीय मुख्यमन्त्री, माननीय प्रदेश सभाको सभामुख र माननीय प्रदेश सभाको विपक्षी दलको नेताप्रति र आयोगका पदाधिकारीहरूलाई नियुक्ति गर्नु हुने माननीय प्रदेश प्रमुखप्रति आयोग हार्दिक कृतज्ञता ज्ञापन गर्दछ।

आयोगको कार्य सम्पादनका लागि आवश्यक स्रोत साधन तथा सहयोग उपलब्ध गराएकोमा प्रदेश सरकार प्रति आयोग धन्यवाद ज्ञापन गर्दछ। परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक योग्यता तथा पाठ्यक्रम निर्माण लगायतका कार्यमा सहयोग पुऱ्याउनु हुने विभिन्न विधाका दक्ष एवम् विज्ञ तथा आयोगको कार्यसम्पादनमा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने महानुभावहरूमा आयोग हार्दिक आभार व्यक्त गर्दछ। साथै, यस प्रथम वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न आयोगका कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्दै प्रदेश सरकार तथा स्थानीय तहलाई आवश्यक पर्ने जनशक्तिको पदपूर्ति लगायतको कार्य सम्पादनमा सक्रियताका साथ लागि पर्ने कुरामा आयोग प्रतिबद्धता व्यक्त गर्दछ ।

२०७७ असोज १२ गते, सोमबार

# कार्यकारी सारांश

## १. आयोगको गठन

नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहनेछ भन्ने व्यवस्था रहेको छ। संघीय सरकारको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिमको आधार र मापदण्डलाई आत्मसात गर्दै आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बागमती प्रदेशको प्रदेश सभाबाट मिति २०७६ साल भाद्र २८ गते पारित भई प्रदेश प्रमुखबाट मिति २०७६ साल असोज २८ गते प्रमाणीकरण भएको हो।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा (४) बमोजिम २०७६ साल मङ्सिर २ गते अध्यक्षको नियुक्तिसँगै प्रदेश लोक सेवा आयोगको गठन भएको हो। मिति २०७६ साल माघ ६ गते २ जना सदस्यहरूको नियुक्तिसँगै आयोगले पूर्णता पाएको हो।

## २. आयोगको काम, कर्तव्य र अधिकार

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० मा व्यवस्था भए बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्न अनुसार रहेको छः

(१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

(२) प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान ब्युरोको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

(३) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवामा स्थायी नियुक्ति गर्दा आयोगको परामर्श लिनु पर्नेछ।

(४) प्रदेश सरकार वा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।

(५) देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

(क) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद र स्थानीय सरकारी सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ख) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारीको सेवा, सर्त सम्बन्धी कानूनको विषयमा,

(ग) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(घ) प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान ब्युरोको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ङ) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा वा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(च) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा,

(छ) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

(६) आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा प्रदेश सरकारको कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(७) आयोगको अन्य काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुनेछ।

## ३. आयोगको कार्यसम्पादनका कानूनी आधारहरू

आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा हाल प्रचलित मुख्य कानून एवम् कार्यविधिहरूको सूची देहाय अनुसार छः

- नेपालको संविधान
- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- कर्मचारी समायोजन ऐन, २०७५
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ तथा प्रदेश लोक सेवा आयोग नियमावली, २०७६
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू
- प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७६
- प्रदेश लोक सेवा आयोगका समय–समयका निर्णयहरू
- प्रदेश लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्तहरू
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित ऐन, नियम र निर्देशिकाहरू।

## ४. आयोगबाट कार्यसम्पादन हुँदा अवलम्बन गरिने सिद्धान्तहरू

आयोगले योग्यताको सिद्धान्त, गोपनीयताको सिद्धान्त, स्वच्छताको सिद्धान्त, निष्पक्षताको सिद्धान्त, समावेशीताको सिद्धान्त, समान अवसरको सिद्धान्त, द्विअन्ध सिद्धान्त, परिचय-शून्यताको सिद्धान्त र असंलग्नताको सिद्धान्तलाई आफ्नो प्रमुख कार्यसम्पादनको सिद्धान्तको रूपमा अपनाउँदै आएको छ।

## ५. निरीक्षण

संविधान, ऐन, नियमावली र प्रचलित कानून तथा आयोगले समय समयमा तोकेको कार्यविधि र सर्त बमोजिम नियुक्ति, बढुवा र विभागीय कारबाही भएको छ, छैन भन्ने सम्बन्धमा आयोगले प्रदेश सरकारका विभिन्न मन्त्रालय, विभाग, निर्देशनालय र कार्यालय, स्थानीय तह, प्रदेश अन्य सरकारी सेवा सञ्चालन गर्ने निकाय, प्रदेश सङ्गठित संस्था र स्थानीय तहको सङ्गठित संस्थाको निरीक्षण गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ।

## ६. आयोगबाट सम्पादन भएका कामहरू

आयोग सम्बन्धी नियम/कानून अन्तर्गत प्रदेश लोक सेवा आयोग नियमावली, २०७६, प्रदेश लोक सेवा आयोग पारिश्रमिक दररेट, २०७६, प्रदेश लोक सेवा आयोगका पदाधिकारी, कर्मचारी तथा दक्षविज्ञहरूको आचारसंहिता, २०७६, प्रदेश लोक सेवा आयोगको वैठक सञ्चालन सम्बन्धी कार्यविधि २०७६ निर्माण भएको छ।

आन्तरिक व्यवस्थापन अन्तर्गत आयोगको अस्थायी सङ्गठन संरचना बमोजिम सबै शाखा महाशाखाहरूको कार्यविवरण तयार गरिएको, आयोगको बारेमा जानकारी दिने हेतुले spsc.bagamati.gov.np वेवसाइट सञ्चालन गरिएको र दक्षविज्ञहरूको रोष्टर तयार गर्ने कार्य प्रारम्भ भई दक्ष विज्ञ मनोनयन फाराम सङ्कलन भइरहेको छ।

## ७. <u>ऐतिहासिक कार्यक्रम</u>

मिति २०७६ साल मङ्सिर २ गते माननीय प्रदेश प्रमुख विष्णु प्रसाद प्रसाईंसमक्ष प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ४ को उपदफा (३) बमोजिम आयोगका अध्यक्ष श्री सुरेश मान श्रेष्ठले प्रदेश प्रमुखको कार्यालयमा एक समाहरोह बीच शपथ ग्रहण गर्नुभई प्रथम अध्यक्ष बन्नु भएको र संघीयता कार्यान्वयनमा आवश्यक पर्ने कर्मचारी पदपूर्ति सम्बन्धमा बागमती प्रदेशको प्रदेश लोक सेवा आयोगको गठन एउटा ऐतिहासिक कार्यक्रम भएको छ।

मिति २०७६ साल माघ ६ गते प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ४ को उपदफा (३) बमोजिम आयोगका अध्यक्ष सुरेश मान श्रेष्ठसमक्ष माननीय प्रदेश प्रमुख विष्णु प्रसाद प्रसाईंको समुपस्थितिमा आयोगका सदस्य श्री सुदर्शन प्रसाद ढकाल र सदस्य श्री शर्मीला नेउपानेले प्रदेश प्रमुखको कार्यालयमा एक समाहरोह बीच शपथ ग्रहण गर्नुभयो।

## ८. <u>अन्तर प्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठी २०७६:</u>

सबै प्रदेशका आयोगहरूबाट सम्पादन हुने कार्यमा एकरूपता ल्याउन, अन्तर प्रदेश सहकार्य र अनुभव आदान प्रदान गर्न तथा आयोगहरूको अन्य कानूनी तथा व्यवस्थापकीय पक्षमा साझा अवधारणा निर्माण गरी अगाडि बढ्न २०७६।११।१४ र १५ गते हेटौंडामा अन्तर प्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठी २०७६ सम्पन्न भयो। गोष्ठीमा प्रदेश लोक सेवा आयोग प्रदेश नं. १, प्रदेश नं. २, प्रदेश नं. ५ र बागमती प्रदेशका पदाधिकारी तथा कर्मचारीहरू, प्रदेश लोक सेवा आयोग गण्डकीका निमित्त सचिव, कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवको सहभागिता रहेको थियो। गोष्ठीले <u>अन्तर प्रदेश लोक सेवा आयोग हेटौडा साझा अवधारणा तथा प्रतिबद्धता पत्र, २०७६</u> जारी गरेको थियो।

## ९. सेवा सर्त सम्बन्धी कानूनका विषयमा परामर्श

प्रदेश प्रहरी सेवा विधेयक र करार सेवा नियमावली, २०७६ को मस्यौदा उपर परामर्श प्रदान गरिएको।

## १०. आयोगले जिम्मेवारी निर्वाहमा देखेका कठिनाइहरू

- सरकारी सेवा र अन्य सेवाका कर्मचारीलाई सङ्घ, प्रदेश र स्थानीय तहको सेवामा समायोजन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न सङ्घीय संसदले कर्मचारी समायोजन ऐन, २०७५ बनाएको र उक्त ऐनको दफा १२ बमोजिम प्रदेश लोक सेवा आयोगले स्वीकृत दरबन्दी भित्रका अत्यावश्यक रिक्त पदमा पदपूर्ति गर्नु पर्ने कुराको स्पष्ट व्यवस्था गरेको छ।
- त्यसैको आधारमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/२/६ को निर्णय अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् प्राप्त स्थानीय तहका रिक्त पदहरूको खुला र समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा तथा बढुवाद्वारा स्थायी पदपूर्ति गर्न प्रदेश लोक सेवा आयोग गठन नभएको अवस्थामा लोक सेवा आयोगले मिति २०७६/२/१५ मा सूचना नं. ५२९/०७५–७६ र ५३०/०७५–७६ जारी गरी विभिन्न स्थानीय तहहरूमा रिक्त अधिकृत छैठौं, सहायक पाचौं र चौथो तहका ९,१६१ (नौ हजार एक सय एकसठ्ठी) पदमा लोक सेवा आयोगबाट कर्मचारी स्थायी पदपूर्ति गरिसकेको स्थिति रहेको छ।

यसरी स्पष्ट कानूनी आधार हुँदाहुदै पनि स्वीकृत रिक्त स्थायी दरबन्दीहरू पदपूर्तिका लागि प्रदेश सरकार र स्थानीय तहहरूबाट माग भई नआएको अवस्था छ। यस विषयमा धेरै पटक छलफल हुँदा समेत स्थायी पदपूर्तिका लागि प्रदेश सरकार सहमत हुन नसक्दा प्रदेश लोक सेवा आयोगले विज्ञापन प्रकाशित गर्न सकेको छैन। यसरी लामो अवधिसम्म रिक्त पदहरूमा स्थायी पदपूर्तिमा चासो नदिनु गम्भीर विषय बन्न पुगेको छ। जसबाट प्रदेश सरकार र स्थानीय तहको काम कारबाहीमा प्रत्यक्ष असर परी जनताले पाउनु पर्ने सेवा र काम कारबाहीमा नकारात्मक सन्देश गइरहेको छ।

## ११. <u>सुझावहरू:</u>

१. कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ अनुसार सम्बन्धित प्रदेश वा स्थानीय तहले प्रदेश लोक सेवा आयोगमा पदपूर्तिको लागि अनुरोध गरी पठाउनु पर्ने भन्ने स्पष्ट व्यवस्थालाई प्रदेश सरकार र स्थानीय तहहरूले अनुसरण गरी पदपूर्तिको कार्य तत्काल अघि बढाउनु पर्ने।

२. पदपूर्तिको लागि माग भई आएमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ (२) बमोजिम प्रदेश लोक सेवा आयोगले सम्बन्धित प्रदेश वा स्थानीय तहको सेवाको कानून नबनेसम्म निजामती सेवा सम्बन्धी प्रचलित कानूनको व्यवस्था बमोजिम पदसङ्ख्या निर्धारण गरी पदपूर्ति गर्ने।

३. कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५ **सेवाका सर्त र सुरक्षा सम्बन्धी मापदण्ड**को उपदफा २ अनुसार संघ, प्रदेश र स्थानीय तहका कर्मचारीको सेवा, सर्त र सुरक्षा सम्बन्धी कानून नबनेसम्मको लागि समायोजन हुनु पूर्वको सेवाका सर्त र सुविधा बमोजिम नै हुने स्पष्ट व्यवस्थालाई उपयोग गर्नु पर्ने।

४. कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था बमोजिम प्रदेश लोक सेवा आयोग गठन भइनसकेको कारणले गर्दा लोक सेवा आयोग (संघ) ले ९,१६१ पदहरू स्थानीय तहहरूमा पदपूर्ति गरिसकेको हुँदा प्रदेश सरकारलाई अत्यावश्यक सेवाका लागि आवश्यक पर्ने कर्मचारीहरू निर्दिष्ट गरी पदपूर्ति गर्न आयोगमा माग गरी पठाउनु पर्ने।

५. प्रदेश निजामती सेवा ऐन तथा नियमावली र स्थानीय तह कर्मचारी व्यवस्थापन सम्बन्धी कानूनहरू तर्जूमा गर्ने काम यथाशक्य चाँडो सम्पन्न गर्न प्रदेश सरकारको ध्यानाकर्षण हुनु पर्ने।

६. प्रदेश सरकारबाट यथा समयमा आयोगको स्वीकृत दरबन्दी अनुसारको जनशक्ति आपूर्ति गरी सहयोग गर्नु पर्ने।

७. प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोगले प्रदान गरेको परामर्शको सबै सरोकारवाला निकायहरूले पालना गर्नुपर्ने।

८. प्रदेश सरकार र सबै स्थानीय तहहरूले ६ महिनाभन्दा बढी अवधिको लागि अस्थायी पदपूर्ति गर्दा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोगको परामर्श लिनुपर्ने व्यवस्थालाई कडाईका साथ पालना गर्नु पर्ने।

९. सबै संवैधानिक निकायहरूका प्रमुख आयुक्त, अध्यक्ष, आयुक्त र सदस्यको भन्दा माथिल्लो शैक्षिक योग्यता निर्धारण भएको र प्रतिष्ठाको हिसाबबाट पनि प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको मर्यादाक्रम १५ मा नभई मर्यादाक्रम १२ मा संवैधानिक निकायका सदस्य तथा आयुक्तको पछि लगत्तै राख्नुपर्ने।

# विषय-सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| | कार्यकारी साराशं | I-VIII |
| | **परिच्छेद १ आयोगको गठन र कार्यक्षेत्र** | |
| १.१ | आयोगको गठन | १ |
| १.२ | काम, कर्तव्य र अधिकार | १ |
| १.३ | प्रतिवेदन | ३ |
| | **परिच्छेद २ आयोगको कार्यसम्पादनका आधारहरू** | |
| २.१ | संस्थागत प्रबन्ध | ४ |
| | २.१.१ संविधान | ४ |
| | २.१.२ कानूनहरू | ४ |
| २.२ | सङ्गठनात्मक संरचना र कार्यक्षेत्र | ५ |
| २.३ | आयोगबाट कार्यसम्पादन हुँदा अवलम्बन गरिने सिद्धान्तहरू | ५ |
| २.४ | कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह | ७ |
| | २.४.१ वार्षिक कार्यतालिका | ७ |
| | २.४.२ विज्ञापन प्रकाशन | ८ |
| | २.४.३ दरखास्त सङ्कलन | ८ |
| | २.४.४ लिखित परीक्षा | ८ |
| | २.४.५ उत्तरपुस्तिका सङ्केतीकरण र परीक्षण | ९ |
| | २.४.६ लिखित परीक्षा नतिजा, अन्तर्वार्ता र सिफारिस | ९ |
| २.५ | कार्यविभाजन | ९ |
| | **परिच्छेद ३ प्रशासनिक तथा वित्तीय स्थिति** | |
| ३.१ | बैठक तथा निर्णय | ११ |
| ३.२ | आयोगको दरबन्दी र पदपूर्ति | ११ |
| ३.३ | भौतिक अवस्था | ११ |

| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| ३.४ | क्षमता विकास | १२ |
| ३.५ | निरीक्षण | १२ |
| ३.६ | बजेट, निकासा र खर्च | १३ |
| ३.७ | राजस्व र धरौटी | १३ |
| | **परिच्छेद ४**<br>**परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम** | |
| ४.१ | परीक्षण प्रविधि | १४ |
| ४.२ | शैक्षिक योग्यता र पाठ्यक्रम | १४ |
| | **परिच्छेद ५**<br>**आयोगबाट सम्पादन भएका कामहरू** | |
| ५.१ | आयोग सम्बन्धी नियम/कानून | १५ |
| ५.२ | आन्तरिक व्यवस्थापन | १६ |
| ५.३ | अन्य निकायसँग पत्राचार | १६ |
| ५.४ | अन्य निकाय/संस्थासँग छलफल तथा भेटघाट | १७ |
| ५.५ | ऐतिहासिक कार्यक्रम | १८ |
| | **परिच्छेद ६**<br>**परामर्श र उजुरी** | |
| ६.१ | सेवा सर्त सम्बन्धी कानूनका विषयमा परामर्श | २० |
| | **परिच्छेद ७**<br>**आयोगले जिम्मेवारी निर्वाहमा देखेका कठिनाइहरू** | |
| ७.१ | आयोगले जिम्मेवारी निर्वाहमा देखेका कठिनाइहरू | २१ |
| | **परिच्छेद ८**<br>**सुझाव** | |
| ८.१ | सुझावहरू | २२ |

# अनुसूचीहरू


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| अनुसूची १ | लोक सेवा आयोगको सङ्गठन संरचना र दरबन्दी | २६ |
| अनुसूची २ | आन्तरिक कार्य विभाजन | २७ |
| अनुसूची ३ | आयोगका निर्णयहरूको विषयगत वर्गीकरण | २८ |
| अनुसूची ४ | आयोगको दरबन्दी तथा पदपूर्तिको अवस्था | २९ |
| अनुसूची ५ | आयोगमा कार्यरत कर्मचारीहरूको विवरण | ३० |
| अनुसूची ६ | आयोगको भौतिक स्रोत साधनहरूको अवस्था | ३१ |
| अनुसूची ७ | अन्तर प्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठी हेटौडा साझा अवधारणा तथा प्रतिबद्धता पत्र, २०७६ | ३२ |
| अनुसूची ८ | आयोगको विनियोजित बजेट, निकासा र खर्च | ३७ |
| अनुसूची ९ | आयोगबाट सङ्कलित राजस्व र धरौटी | ३८ |
| अनुसूची १० | शैक्षिक योग्यता र पाठ्यक्रम निर्माण | ३९ |
| अनुसूची ११ | बागमती प्रदेशका मा. मुख्यमन्त्री तथा मा. मन्त्रीहरूलाई गरिएको ध्यानाकर्षण सहितको पत्राचार | ४० |

आयोगका महत्वपूर्ण कार्यका केही झलकहरू ........ ४४

## परिच्छेद १
## आयोगको गठन र कार्यक्षेत्र

### १.१ आयोगको गठन

नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहनेछ भन्ने व्यवस्था रहेको छ। संघीय सरकारको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिमको आधार र मापदण्डलाई आत्मसात गर्दै आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बागमती प्रदेशको प्रदेश सभाबाट मिति २०७६ साल भाद्र २८ गते पारित भई प्रदेश प्रमुखबाट मिति २०७६ साल असोज २८ गते प्रमाणीकरण भएको हो।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा (४) बमोजिम २०७६ साल मङ्सिर २ गते अध्यक्षको नियुक्तिसँगै प्रदेश लोक सेवा आयोगको गठन भएको हो। मिति २०७६ साल माघ ६ गते २ जना सदस्यहरूको नियुक्तिसँगै आयोगले पूर्णता पाएको हो।

### १.२ आयोगको काम, कर्तव्य र अधिकार

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० मा व्यवस्था भए बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्न अनुसार रहेको छः

(१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

(२) प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान ब्युरोको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

(३) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवामा, स्थानीय सरकारी सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवामा स्थायी नियुक्ति गर्दा आयोगको परामर्श लिनु पर्नेछ।

(४) प्रदेश सरकार वा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।

(५) देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

(ज) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद र स्थानीय सरकारी सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(झ) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारीको सेवा, सर्त सम्बन्धी कानूनको विषयमा,

(ञ) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ट) प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान ब्युरोको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ठ) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा वा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ड) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा,

(ढ) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

(६) आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा प्रदेश सरकारको कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(७) आयोगको अन्य काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुनेछ।

## १.३ प्रतिवेदन

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ र प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ५४ मा आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ भन्ने व्यवस्था भए बमोजिम आयोगले यो प्रतिवेदन तयार गरेको छ।

# परिच्छेद २
# आयोगको कार्यसम्पादनका आधारहरू

## २.१ संस्थागत प्रबन्ध

### २.१.१ संविधान

नेपालको संविधानको भाग २३, धारा २४४ मा गरिएको व्यवस्था बमोजिम संघीय संसदले प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गरी प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा व्यवस्था गरेको छ।

### २.१.२ कानूनहरू

आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा हाल प्रचलित मुख्य कानून एवम् कार्यविधिहरूको सूची देहाय अनुसार छः

- नेपालको संविधान
- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- कर्मचारी समायोजन ऐन, २०७५
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ तथा प्रदेश लोक सेवा आयोग नियमावली, २०७६
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू
- प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७६

- प्रदेश लोक सेवा आयोगका समय–समयका निर्णयहरू
- प्रदेश लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्तहरू
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित ऐन, नियम र निर्देशिकाहरू।

## २.२ सङ्गठनात्मक संरचना र कार्यक्षेत्र

स्थापनाको सुरुवाती चरण भएको हुनाले आयोग समक्ष संरचनागत र मानव संशाधन परिपूर्ति गर्ने चुनौती खडा भएको छ । ऐनले गरेको व्यवस्था बमोजिम आयोगको मुख्य कार्यालय बागमती प्रदेशको राजधानी हेटौँडामा स्थापना गरिएको छ । आयोगको कार्य सञ्चालन गर्ने प्रयोजनको लागि समयक्रममा प्रदेशका अन्य जिल्लाहरूमा पनि शाखा कार्यालयहरू स्थापना गरिने छ । प्रदेश सरकार अन्तर्गतका कार्यालयहरूको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने कार्य आसन्न रहेको कारण आयोगको दरबन्दी र पदपूर्तिको अवस्था यकिन भैसकेको छैन ।

बागमती प्रदेश सरकारबाट स्वीकृत आयोगको अस्थायी सङ्गठन संरचना र दरबन्दी बमोजिम आयोगमा रा.प.प्रथम श्रेणीका सचिव सहित कूल ४८ जनाको दरबन्दी रहेको छ। आयोगको अस्थायी सङ्गठन संरचना र दरबन्दी सम्बन्धी विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम बागमती प्रदेश अन्तर्गत रहेका बिभिन्न मन्त्रालय तथा निकायहरू, स्थानीय तहहरू, प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान ब्युरो, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवामा पदपूर्ति गर्ने कार्यक्षेत्र रहेको छ।

## २.३ आयोगबाट कार्यसम्पादन हुँदा अवलम्बन गरिने सिद्धान्तहरू

### २.३.१ योग्यताको सिद्धान्त (Principle of Merit)

उत्कृष्ट कार्यसम्पादन गर्न सक्ने ज्ञान, सीप, क्षमता, योग्यता र दक्षताका आधारमा अब्बल हुने उम्मेदवारलाई स्थायी नियुक्तिका लागि सिफारिस गरिन्छ।

### २.३.२ गोपनीयताको सिद्धान्त (Principle of Confidentiality)

आयोगले तोकेका विषयहरू बाहेक आयोगबाट सञ्चालन हुने परीक्षा सम्बन्धी सबै कार्यहरूमा गोपनियता कायम गरिन्छ।

### २.३.३ स्वच्छताको सिद्धान्त (Principle of Fairness)

विश्वसनीयता, उत्तरदायित्व, जवाफदेहीता, जिम्मेवारी, इमान्दारिता र वैज्ञानिक व्यवस्थापनका माध्यमबाट आयोगका क्रियाकलापहरू सञ्चालन गरिन्छन्।

### २.३.४ निष्पक्षताको सिद्धान्त (Principle of Impartiality)

लिखित तथा मौखित परीक्षामा प्रतिस्पर्धा गराई भनसुन तथा दबाबजस्ता क्रियाकलापलाई अस्वीकार गर्दै विना भेदभाव आयोगका सबै क्रियाकलापमा निष्पक्षता कायम गरिन्छ।

### २.३.५ समावेशीताको सिद्धान्त (Principle of Inclusiveness)

पदपूर्तिका लागि आयोगमा माग भई आएका पदहरू राज्यको समावेशीकरण नीति बमोजिम प्रतिशत निर्धारण गरी सम्बन्धित समूहका उम्मेदवार बीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिन्छ।

### २.३.६ समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity)

योग्यता पुगेका सबै सम्भाव्य नेपाली नागरिकहरूलाई कानून बमोजिम खुला एवम् समावेशी विधिबाट परीक्षामा सहभागी गराई प्रतिस्पर्धात्मक माध्यमबाट छनौट हुने समान अवसर प्रदान गरिन्छ।

### २.३.७ द्विअन्ध सिद्धान्त (Principle of Double Blind)

पदाधिकारी, विज्ञ वा कर्मचारीलाई परीक्षाको विभिन्न चरणहरूमध्ये एक चरणमा मात्रै संलग्न गराइन्छ।पहिलो कोडिङमा संलग्न व्यक्ति दोस्रो कोडिङमा सहभागी हुन नसक्ने व्यवस्था गरिन्छ।एक शाखा वा महाशाखाको काममा अर्को शाखा वा महाशाखाको पहुँच नहुने गरी कार्यव्यवस्था मिलाइएको हुन्छ।

### २.३.८ परिचय - शून्यताको सिद्धान्त (Principle of Identity Masking)

लिखित परीक्षा सकिएपछि आयोगले उत्तरपुस्तिका परीक्षण गराउनु अगावै उम्मेदवारले उत्तरपुस्तिकामा लेखेको सबै व्यक्तिगत विवरणहरूलाई दोहोरो कोडिङ गरी उत्तर पुस्तिकाबाट अलग गराई कोड परिचय कायम गरिन्छ। यसो गर्दा विज्ञ तथा कर्मचारीले उक्त उत्तर पुस्तिका कसको हो भन्ने कुरा थाहा पाउँदैनन्। यो प्रक्रिया अन्तिम नतिजा प्रकाशनको प्रक्रिया बाहेक सबै चरणमा कायम हुन्छ।

### २.३.९ असंलग्नताको सिद्धान्त (Principle of Non-Involvement)

आयोगबाट सञ्चालन हुने परीक्षा सम्बन्धी कार्यहरूमा आयोगका पदाधिकारी, कर्मचारी वा विज्ञका परिवारका सदस्य वा नातेदार व्यक्ति सहभागी हुने भएमा उक्त परीक्षाका सबै चरणमा पदाधिकारी, कर्मचारी वा विज्ञलाई सहभागी गराइँदैन।

## २.४ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह

प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय तहको सङ्गठित संस्थाको सेवाको विभिन्न पदहरूमा उपयुक्त उम्मेदवार छनौट गर्नको लागि लिखित परीक्षा सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य गर्न आयोगले अवलम्बन गर्ने कार्यप्रक्रिया देहाय बमोजिम उल्लेख गरिएको छः

### २.४.१ वार्षिक कार्यतालिका

प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरो तथा स्थानीय तहका अन्य सङ्गठित संस्थाका लागि आयोगबाट पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका तयार गरी लागू गरिने छ।

### २.४.२ विज्ञापन प्रकाशन

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको हकमा कार्यतालिकामा निर्धारित समयमा सम्बन्धित मन्त्रालय, निर्देशनालय र कार्यालयले रिक्त दरबन्दी अनुसारको पद, सेवा, समूह, उपसमूह र तह समेत खुल्ने गरी माग आकृति फाराम भरी पठाएपछि आयोगले कानून बमोजिम प्रतिशत निर्धारण गरी बढुवा, आन्तरिक प्रतियोगिता, खुला तथा समावेशी समूहहरूमा पदसङ्ख्या छुट्याई लिखित परीक्षा हुने मिति र समय निर्धारण गरी आयोगले विज्ञापन/सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्दछ। प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय तहको सङ्गठित संस्थाको सेवाको हकमा कार्यतालिकामा निर्धारित समयमा पदपूर्तिको विज्ञापन गर्नका लागि सम्बन्धित संस्थाले आयोगमा सहमतिका लागि माग गर्दछन्। आयोगको सहमति प्राप्त भैसकेपछि सम्बन्धित संस्थाले नै पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्दछन्।

### २.४.३ दरखास्त सङ्कलन

विज्ञापन प्रकाशन भएपछि सूचनामा दिइएको म्यादभित्र प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा तर्फका खुला, आन्तरिक प्रतियोगिता र बढुवा विज्ञापन गरी दरखास्त सङ्कलन गरिन्छ। प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय तहको सङ्गठित संस्थाको सेवाको हकमा भने सम्बन्धित संस्थाले नै दरखास्त सङ्कलन गर्दछन्।

### २.४.४ लिखित परीक्षा

विज्ञापन प्रकाशन भएसँगै विज्ञापित पदहरूको परीक्षा सञ्चालनको लागि विज्ञहरूको सेवा लिई प्रश्नपत्र तयार गरिन्छ। प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाका विज्ञापित पदका लागि तोकिएको मितिमा आयोगले लिखित परीक्षा सञ्चालन गर्दछ।

### २.४.५ उत्तर पुस्तिका सङ्केतीकरण र परीक्षण

लिखित परीक्षा सञ्चालन भएपछि सम्बन्धित उम्मेदवारहरूको उत्तरपुस्तिकामा प्रथम र द्वितीय सङ्केत नम्बर राखी सङ्केतीकरण गरिन्छ र उम्मेदवारको व्यक्तिगत विवरण उत्तरपुस्तिकाबाट अलग गरी सिलबन्दी रूपमा अलग अलग स्थानमा राखिन्छ।

### २.४.६ लिखित परीक्षा नतिजा, अन्तर्वार्ता र सिफारिस

विज्ञहरूबाट उत्तरपुस्तिका परीक्षण गराई उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क तथा माग पदसङ्ख्याको तुलनामा आयोगको ऐन तथा नियमावलीमा उल्लेखित व्यवस्थाका आधारमा माग पदभन्दा निश्चित थप सङ्ख्यामा सम्बन्धित विज्ञापनमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको मात्र नाम डिकोड गरी लिखित परीक्षाको नतिजा वर्णानुक्रमका आधारमा प्रकाशन गरिन्छ। प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको हकमा लिखित परीक्षा नतिजा प्रकाशन गरी अन्तर्वार्ता तथा अन्य परीक्षा कार्यक्रम प्रकाशन गर्न सम्बन्धित निकायमा पठाइन्छ। प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको हकमा लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरूको अन्तर्वार्ता एवम् सम्बन्धित पदको पाठ्यक्रम योजना बमोजिमका प्रयोगात्मक परीक्षा समेतको परीक्षा सञ्चालन हुन्छन्। यसरी अन्तर्वार्ता लगायत उक्त सबै परीक्षामा प्राप्त अङ्क र लिखित परीक्षाको प्राप्ताङ्कको कूल योगका आधारमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूलाई स्थायी नियुक्तिको लागि सिफारिस गरिन्छ।

## २.५ कार्यविभाजन

आयोगले सम्पादन गर्नुपर्ने कामको कार्य विभाजन आयोगको निर्णय बमोजिम हुने व्यवस्था प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १३ मा र सोही ऐनको दफा ११५ मा आयोगले संविधान, यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा अन्य प्रचलित कानून बमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगले तोके बमोजिमको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी

कुनै सदस्य, सदस्यहरूको समिति, आयोगको कुनै कार्यालय वा कर्मचारी वा प्रदेश सरकारको अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था रहेको छ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १३ बमोजिम आन्तरिक कार्यसम्पादनका लागि अनुसूची २ बमोजिम कार्य विभाजन गरिएको छ ।

## परिच्छेद ३
## प्रशासनिक तथा वित्तीय स्थिति

### ३.१ बैठक तथा निर्णय

आर्थिक वर्ष २०७६/७७ को अवधिमा कुल १५ पटक आयोग बैठकहरू बसी १५ वटा निर्णयहरू लिइएका छन्। आयोगको निर्णय सङ्ख्या तथा तिनको विषयगत वर्गीकरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ।

### ३.२ आयोगको दरबन्दी र पदपूर्ति

स्थापनाकालमा मिति २०७६/८/१ को (प्रमुख सचिवस्तरीय) निर्णयानुसार अधिकृत नवौं १, अधिकृत सातौं २ र अधिकृत छैठौं १ गरी जम्मा ४ जना कर्मचारीबाट कार्यालय व्यवस्थापन गरिएको थियो। प्रदेश सरकारबाट मिति २०७६/८/५ मा स्वीकृत अस्थायी दरबन्दी अनुसार प्रदेश लोक सेवा आयोगको कार्यालयमा राजपत्राङ्कित प्रथम श्रेणी/सचिव १, अधिकृतस्तर १९, सहायकस्तर २० र तह विहीन ८ गरी कुल ४८ जना कर्मचारीहरूको दरबन्दी रहेको छ । कुल दरबन्दी मध्ये २०७७ साल आषाढ मसान्तसम्मको तथ्याङ्क अनुसार ९ पदहरू पूर्ति भएका छन् भने ३९ पदहरू रिक्त छन्। आयोगको अस्थायी संरचना र दरबन्दी अनुसार तहगत दरबन्दी सङ्ख्या, पदपूर्ति र रिक्त अवस्था अनुसूची ४ र आयोगमा कार्यरत कर्मचारीहरूको विवरण अनुसूची ५ मा उल्लेख गरिएको छ।

### ३.३ भौतिक अवस्था

२०७६ मङ्सिर २ गते अध्यक्षको नियुक्ति भई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरमा उपलब्ध गराइएको ३ वटा कोठामा आयोगले ४ महिना सम्म कार्यसञ्चालन गरेको र २०७६ चैत्र १ गते देखि घर भाडामा लिई काम कारबाही सञ्चालन गरिएको छ।आयोगको आफ्नै घर जग्गा व्यवस्था तर्फ प्रदेश सरकारले सोच्नु पर्ने अवस्था छ, जसबाट आयोगको अन्य भौतिक संरचना र गतिविधिमा सहजता हुनेछ।आयोगका अध्यक्षलाई उपलब्ध गराइएको एउटा सवारी साधन आयोगको नाममा शीघ्र हस्तान्तरण

हुनु पर्ने अवस्थामा रहेको छ। आयोगको भौतिक स्रोत साधनहरूको अवस्था अनुसूची ६ मा उल्लेख गरिएको छ।

### ३.४ क्षमता विकास

- आयोगमा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि यस आ.व. २०७६/७७ मा १ जना कर्मचारीले लेखा सम्बन्धी २ दिने तालिम प्राप्त गरेका छन्।
- प्रदेश नं. १, प्रदेश नं. २, बागमती प्रदेश र प्रदेश नं. ५ गरी चारवटा प्रदेशहरूमा प्रदेश लोक सेवा आयोग गठन भई कार्य प्रारम्भ भएको र सबै आयोगहरूको कार्य प्रकृति र गठन प्रक्रिया समान रहेको हुँदा आयोगहरूबाट सम्पादन हुने कार्यमा एकरूपता ल्याउन, अन्तर प्रदेश सहकार्य र अनुभव आदान प्रदान गर्न तथा अन्य कानूनी तथा व्यवस्थापकीय पक्षमा साझा अवधारणा निर्माण गरी अगाडि बढनुपर्ने अवस्था महसुस गरिएकोले यस आयोगको सक्रियतामा दुई दिवसीय अन्तर प्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठी २०७६ साल फाल्गुन १४ र १५ गते हेटौंडामा सञ्चालन गरिएको थियो। यस गोष्ठीबाट "अन्तर प्रदेश लोक सेवा आयोग हेटौडा साझा अवधारणा तथा प्रतिबद्धता पत्र, २०७६" जारी गरिएको छ। उक्त साझा अवधारणा तथा प्रतिबद्धता पत्र अनुसूची ७ मा उल्लेख गरिएको छ।
- क्षमता विकास सम्बन्धी उपर्युक्त तालिम एवम् गोष्ठीबाट अनुभव आदान–प्रदान हुनुको साथै साङ्गठनिक प्रवर्धन एवम् क्षमता विकासमा सघाउ पुगेको छ ।

### ३.५ निरीक्षण

संविधान, ऐन, नियमावली र प्रचलित कानून तथा आयोगले समय समयमा तोकेको कार्यविधि र सर्त बमोजिम नियुक्ति, बढुवा र विभागीय कारबाही भएको छ, छैन भन्ने सम्बन्धमा आयोगले प्रदेश सरकारका विभिन्न मन्त्रालय, विभाग, निर्देशनालय र कार्यालय, स्थानीय तह, प्रदेश अन्य सरकारी सेवा सञ्चालन गर्ने निकाय, प्रदेश सङ्गठित संस्था र स्थानीय तहको सङ्गठित संस्थाको निरीक्षण गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। ती

निकायहरूबाट भए गरेका नियुक्ति, बढुवा तथा विभागीय कारबाही सम्बन्धी कार्यहरू प्रचलित कानून अनुकूल हुने गरी परिपालना गराउन आयोगको निरीक्षण कार्यले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ। कार्यालयहरूको निरीक्षण गर्ने क्रममा उक्त निकायहरूको दरबन्दी संरचना, पूर्ति भएका र रिक्त दरबन्दी, पदपूर्तिका किसिमहरू, अस्थायी, करार तथा ज्यालादारीमा भएका नियुक्तिहरू, आयोगबाट अवलम्बन गरिएको सिद्धान्त अनुसार कर्मचारीहरूको पदस्थापना, नियुक्ति भए/नभएको लगायतका विषयहरूलाई आधार मानिन्छ। तर यस आर्थिक वर्षमा कोभिड-१९ को महामारीका कारण स्थलगत निरीक्षण भने हुन सकेन।

### ३.६ बजेट, निकासा र खर्च

आ.व. २०७६/०७७ को लागि विभिन्न शीर्षकहरूमा विनियोजित बजेट र सो सम्बन्धी खर्चको विवरण अनुसूची ८ मा प्रस्तुत गरिएको छ। आयोगको गठन २०७६ मङ्सिर २ गते भएको तर २०७६ माघ देखि मात्रै बजेट अख्तियारी प्राप्त भएको र कोभिड-१९ को महामारी र लकडाउनले गर्दा कार्यक्रमहरू सञ्चालन गर्न नसकेको कारणबाट चालु खर्चमा २८.१८ प्रतिशत र पुँजीगत खर्चमा १३.९९ प्रतिशत मात्र खर्च हुन सकेको छ।

### ३.७ राजस्व र धरौटी

प्रदेश तथा स्थानीय तहहरूमा रिक्त दरबन्दी पदपूर्तिका लागि विज्ञापन प्रकाशन नभएको कारणबाट आयोगको मुख्य राजश्व सङ्कलनको श्रोत रहेको परीक्षा दस्तुर प्राप्त नभएकोले आर्थिक वर्ष २०७६/०७७ मा आयोगले जम्मा रु. ९ हजार मात्र राजस्व सङ्कलन गरेको छ। आयोगले प्राप्त गरेको राजस्व र धरौटीको विवरण अनुसूची ९ मा उल्लेख गरिएको छ।

## परिच्छेद ४

# परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम

### ४.१ परीक्षण प्रविधि

व्यक्तिले हासिल गरेको शैक्षिक योग्यताको स्तर र क्षेत्रलाई सार्वजनिक सेवाको पदमा उम्मेदवार बन्ने न्यूनतम सर्तका रूपमा लिइन्छ।पदपूर्ति गर्नुपर्ने सङ्गठन विशेष वा काम विशेषलाई दृष्टिगत गर्दै त्यसका लागि आवश्यक पर्ने ज्ञान, सीप, मनोवृत्ति र व्यवहार शैलीको परीक्षण गर्ने गरी परीक्षण प्रविधिको विकास गरिन्छ। निश्चित पदमा नभई तह विशेषका लागि कर्मचारी भर्ना हुने भएकोले प्रदेश निजामती लगायत विभिन्न सार्वजनिक सेवामा कर्मचारी छनौट गर्दा पद विशेषको भन्दा सेवा/समूह विशेषका साझा गुणहरूको परीक्षण गर्ने गरी विभिन्न परीक्षण प्रविधिहरूको प्रयोग गर्ने गरिन्छ।

### ४.२ शैक्षिक योग्यता र पाठ्यक्रम

प्रदेश निजामती सेवाका ५ वटा पदको शैक्षिक योग्यता निर्धारण र पाठ्यक्रम निर्माण गरिएको छ।यसको विस्तृत विवरण अनुसूची १० मा उल्लेख गरिएको छ।

# परिच्छेद ५
# आयोगबाट सम्पादन भएका कामहरू

## ५.१ आयोग सम्बन्धी नियम/कानून :

- **प्रदेश लोक सेवा आयोग नियमावली, २०७६** - प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश लोक सेवा आयोग, नियमावली २०७६ साल चैत्र ७ गते प्रदेश राजपत्रमा प्रकाशित भएको हो। यसमा परिच्छेद ११, नियम ६३ र अनुसूची ३५ रहेको छ।
- **प्रदेश लोक सेवा आयोग पारिश्रमिक दररेट, २०७६** - आयोगले आफ्नो अधिकार अन्तर्गत पदाधिकारी, दक्ष विज्ञ, कर्मचारी लगायतका लागि परीक्षा सञ्चालन सम्बन्धी विभिन्न कार्यमा संलग्न भए वापत आवश्यक पारिश्रमिकको व्यवस्था गर्न लोक सेवा आयोगबाट स्वीकृत भएको लोक सेवा आयोग पारिश्रमिक दररेट भन्दा बढी नहुने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट मिति २०७६ चैत्र ६ गते सहमति प्राप्त भई आयोगको मिति २०७६ चैत्र ७ गते बसेको बैठकको निर्णयबाट स्वीकृत भई प्रदेश लोक सेवा आयोग पारिश्रमिक दररेट, २०७६ कार्यान्वयनमा आएको छ।
- **प्रदेश लोक सेवा आयोगका पदाधिकारी, कर्मचारी तथा दक्षविज्ञहरूको आचारसंहिता, २०७६** - आयोगले सम्पादन गर्ने सम्पूर्ण काम कारबाहीलाई प्रभावकारी र विश्वसनीय बनाई सुशासनको मूल्य मान्यता अनुरूप स्वतन्त्र, निष्पक्ष एवम् वस्तुनिष्ठ बनाउनका लागि आयोगका पदाधिकारी, दक्ष/विज्ञ र कर्मचारीहरूको आचरणका सम्बन्धमा व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११३ को आधारमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २३ को उपदफा (२) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको

मिति २०७६ साल चैत्र ७ गते बसेको बैठकले प्रदेश लोक सेवा आयोगका पदाधिकारी, कर्मचारी तथा दक्षविज्ञहरूको आचारसंहिता, २०७६ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

- **प्रदेश लोक सेवा आयोगको बैठक सञ्चालन सम्बन्धी कार्यविधि २०७६**- प्रदेश लोक सेवा आयोगको बैठक र काम कारबाहीहरूलाई व्यवस्थित, मर्यादित र अनुशासित रूपमा सञ्चालन गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १२ को उपदफा ७ बमोजिम आयोगले प्रदेश लोक सेवा आयोगको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ तयार गरेको छ। यसलाई आयोगको २०७६ चैत्र ७ गते बसेको बैठकबाट स्वीकृत भएको हो।

## ५.२ आन्तरिक व्यवस्थापन :

- प्रदेश लोक सेवा आयोगको लागि भवन भाडामा लिई कार्य सञ्चालन भइरहेको छ।
- आयोगका अध्यक्ष र सदस्यहरूको आन्तरिक कार्यविभाजन भएको छ।
- आयोगका पदाधिकारी तथा कर्मचारीबाट प्रदेश लोक सेवा आयोग नियमावलीको अनुसूची ३५ बमोजिम प्रतिबद्धता लिइएको छ।
- आयोगको अस्थायी सङ्गठन संरचना बमोजिम सबै शाखा महाशाखाहरूको कार्यविवरण तयार गरिएको छ।
- आयोगको बारेमा जानकारी दिने हेतुले spsc.bagamati.gov.np वेवसाइट सञ्चालन गरिएको छ।
- दक्षविज्ञहरूको रोष्टर तयार गर्ने कार्य प्रारम्भ भई दक्ष विज्ञ मनोनयन फाराम सङ्कलन भइरहेको छ।

## ५.३ अन्य निकायसँग पत्राचार :

- प्रदेश अन्तर्गत निकायहरू तथा सबै स्थानीय तहहरूमा मौजुदा दरबन्दी र सोको पदपूर्तिको अवस्थाको विवरण २०७६ फागुन ११ गते प्रदेश मन्त्रालय, २०७७ जेठ ३० गते प्रदेश मन्त्रालय र सबै स्थानीय तहसँग माग गरिएकोमा त्यसको जवाफ केही स्थानीय तहबाट मात्र प्राप्त भएको छ।

- बागमती प्रदेश अन्तर्गतको रिक्त दरबन्दीमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम पदपूर्ति गर्ने सम्बन्धमा मिति २०७७।०२।३० को आयोगको निर्णय बमोजिम मिति २०७७।०३।०२ मा माननीय मुख्यमन्त्री तथा मन्त्रीहरूलाई ध्यानाकर्षण सहितको अनुरोध पत्र प्रेषित गरिएको थियो। उक्त पत्र अनुसूची ११ मा समाविष्ट गरिएको छ।

**५.४ अन्य निकाय/संस्थासँग छलफल तथा भेटघाटः**

- प्रदेश लोक सेवा आयोग स्थापनापश्चात् मिति २०७६ मङ्सिर १३ गते प्रदेश लोक सेवा आयोगका अध्यक्ष सुरेश मान श्रेष्ठ र कर्मचारीसमेतको टोलीले लोक सेवा आयोग, अनामनगर, काठमाडौंमा आयोगका माननीय अध्यक्ष उमेश प्रसाद मैनाली लगायत सबै पदाधिकारीहरू तथा सचिवसँग विस्तृत छलफल भएको थियो।
- सूचना प्रविधिलाई उपयोग गरी अनलाइन प्रणालीमा लैजाने सम्बन्धमा लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगलाई के कसरी सहयोग गर्न सक्छ भन्ने सम्बन्धमा मिति २०७६ मङ्सिर २४ गते लोक सेवा आयोग, अनामनगर, काठमाडौंमा सम्बद्ध अधिकारीहरूसँग प्रदेश लोक सेवा आयोगका अध्यक्ष सुरेश मान श्रेष्ठ र निमित्त सचिव श्री भोला दाहालबाट विस्तृत छलफल भएको थियो।
- २०७६।११।१२ गते प्रदेश सभाको प्रदेश मामिला समितिका माननीय सभापति माधव पौडेल र माननीय सदस्यहरूसँग आयोगको गठन भएपछिका आयोगका गतिविधिका बारेमा प्रथम पटक आयोगका पदाधिकारीसँग छलफल भएको थियो। छलफलमा माननीय सभापति माधव पौडेल, मा. राधा घले, मा. रिना गुरुङ, मा. चमेली श्रेष्ठ, मा. योगेन्द्र संग्रौला लगायतका व्यक्तित्वहरूले सक्रिय सहभागिता जनाउनु भएको थियो।
- स्थायी पदपूर्ति सम्बन्धमा बागमती प्रदेश सभाका माननीय सभामुखसँग मिति २०७६।११।१२ गते प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको छलफल भएको थियो।

- मिति २०७६।११।१३ गते "**प्रदेशको सार्वजनिक प्रशासन गुरु योजना तर्जुमा र संघीय संरचनामा अन्तर तह सम्बन्ध**" अन्तरक्रिया कार्यक्रममा प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको सक्रिय सहभागिता थियो।
- मिति २०७६।१२।०७ गते प्रदेश सरकारका माननीय मुख्यमन्त्री तथा माननीय भौतिक पूर्वाधार विकास मन्त्री, माननीय सामाजिक विकास मन्त्री, प्रमुख सचिव तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् सचिवालयका अधिकारीहरूसँग आयोगले कर्मचारी समायोजन ऐन, २०७५को दफा १२ बमोजिम प्रदेश र स्थानीय तहको स्वीकृत दरबन्दीमा स्थायी पदपूर्ति गर्न सकिने सम्बन्धमा छलफल गरेको थियो। संघीय निजामती कानून वा प्रदेश निजामती कानून नभई स्थायी पदपूर्ति गर्न कठिनाइ हुने हुँदा करार वा अस्थायी दरबन्दी सिर्जना गरी पदपूर्ति गर्न सकिने भन्ने धारणा प्रमुख सचिवबाट व्यक्त भएको थियो। आयोगले १०० दिन देखि १२० दिनसम्ममा रिक्त दरबन्दीमा स्थायी पदपूर्तिका लागि सिफारिस गर्न सक्ने कुरा आयोगका अध्यक्षबाट अभिव्यक्त भएको थियो।

## ५.५ ऐतिहासिक कार्यक्रम :

- **आयोगका अध्यक्षको शपथ ग्रहण :**

  मिति २०७६ साल मङ्सिर २ गते माननीय प्रदेश प्रमुख विष्णु प्रसाद प्रसाईंसमक्ष प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ४ को उपदफा (३) बमोजिम आयोगका अध्यक्ष श्री सुरेश मान श्रेष्ठले प्रदेश प्रमुखको कार्यालयमा एक समाहरोह बीच शपथ ग्रहण गर्नु भई प्रथम अध्यक्ष बन्नु भएको र संघीयता कार्यान्वयनमा आवश्यक पर्ने कर्मचारी पदपूर्ति सम्बन्धमा बागमती प्रदेशको प्रदेश लोक सेवा आयोगको गठन एउटा ऐतिहासिक कार्यक्रम भएको छ। उक्त अवसरमा माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेल, प्रदेश सभाका सभामुख माननीय सानु कुमार श्रेष्ठ, माननीय मन्त्रीहरू, प्रमुख सचिव, सबै मन्त्रालयका सचिव, विभिन्न निकायका प्रमुखहरूको समेत उपस्थिति रहेको थियो।

- **आयोगका सदस्यहरूको शपथ ग्रहण :**

मिति २०७६ साल माघ ६ गते प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ४ को उपदफा (३) बमोजिम आयोगका अध्यक्ष सुरेश मान श्रेष्ठसमक्ष माननीय प्रदेश प्रमुख विष्णु प्रसाद प्रसाईँको समुपस्थितिमा आयोगका सदस्य श्री सुदर्शन प्रसाद ढकाल र सदस्य श्री शर्मीला नेउपानेले प्रदेश प्रमुखको कार्यालयमा एक समाहरोह बीच शपथ ग्रहण गर्नुभयो। उक्त अवसरमा माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेल, प्रदेश सभाका सभामुख माननीय सानु कुमार श्रेष्ठ, माननीय मन्त्रीहरू, प्रमुख सचिव, सबै मन्त्रालयका सचिव, विभिन्न निकायका प्रमुखहरूको समेत उपस्थिति रहेको थियो।

- **अन्तर प्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठी २०७६:**

सबै प्रदेशका आयोगहरूको कार्य प्रकृति र गठन प्रक्रिया समान रहेको हुँदा आयोगहरूबाट सम्पादन हुने कार्यमा एकरूपता ल्याउन, अन्तर प्रदेश सहकार्य र अनुभव आदान प्रदान गर्न तथा आयोगहरूको अन्य कानूनी तथा व्यवस्थापकीय पक्षमा साझा अवधारणा निर्माण गरी अगाडि बढ्नका लागि २०७६।११।१४ र १५ गते हेटौंडामा अन्तर प्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठी २०७६ सम्पन्न भयो। गोष्ठीमा प्रदेश लोक सेवा आयोग प्रदेश नं. १, प्रदेश नं. २, प्रदेश नं. ५ र बागमती प्रदेशका पदाधिकारी तथा कर्मचारीहरू, प्रदेश लोक सेवा आयोग गण्डकीका निमित्त सचिव, कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवको सहभागिता रहेको थियो। कार्यक्रमको शुभारम्भ बागमती प्रदेशका माननीय मुख्यमन्त्रीबाट र समापन बागमती प्रदेशका माननीय सभामुखबाट समापन भएको थियो। गोष्ठीले **अन्तर प्रदेश लोक सेवा आयोग हेटौडा साझा अवधारणा तथा प्रतिबद्धता पत्र, २०७६** जारी गरेको थियो। उक्त प्रतिबद्धता पत्र अनुसूची – ७ मा राखिएको छ।

## परिच्छेद ६
# परामर्श र उजुरी

### ६.१ सेवा सर्त सम्बन्धी कानूनका विषयमा परामर्श

- प्रदेश प्रहरी सेवा विधेयकमा आयोगबाट संशोधनसहित परामर्श प्रदान गरिएको ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशको पत्रबाट प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ बमोजिम करार सेवा नियमावली, २०७६ को मस्यौदा उपर सहमति/परामर्श माग गरिएको विषयमा स्वीकृत दरबन्दीको रिक्त पदहरूमा स्थायी पदपूर्ति गर्ने जिम्मेवारी यस आयोगको भएको र संविधान र प्रचलित संघीय कानूनहरू निजामती सेवा ऐन, २०४९ र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम मस्यौदामा उल्लेखित करारमा पदपूर्ति गर्ने प्रावधान उपर आयोगले सहमति दिन सक्ने आधार नभएको व्यहोरा जानकारी गराउने भनी आयोगबाट निर्णय भई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी गराइएको।

# परिच्छेद ७
# आयोगले जिम्मेवारी निर्वाहमा देखेका कठिनाइहरू

## ७.१ आयोगले जिम्मेवारी निर्वाहमा देखेका कठिनाइहरू

- संघीय संसदबाट पारित "प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५" बमोजिम प्रदेश सभाले "प्रदेश लोक सेवा आयोग ऐन, २०७६" पारित गरेको र सोही कानून बमोजिम प्रदेश लोक सेवा आयोग गठन भएको छ। सरकारी सेवा र अन्य सेवाका कर्मचारीलाई सङ्घ, प्रदेश र स्थानीय तहको सेवामा समायोजन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न सङ्घीय संसदले कर्मचारी समायोजन ऐन, २०७५ बनाएको र उक्त ऐनको दफा १२ बमोजिम प्रदेश लोक सेवा आयोगले स्वीकृत दरबन्दी भित्रका अत्यावश्यक रिक्त पदमा पदपूर्ति गर्नु पर्ने कुराको स्पष्ट व्यवस्था गरेको छ।
- कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था तथा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/२/६ को निर्णय अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् प्राप्त स्थानीय तहका रिक्त पदहरूको खुला र समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा तथा बढुवाद्वारा स्थायी पदपूर्ति गर्न प्रदेश लोक सेवा आयोग गठन नभएको अवस्थामा लोक सेवा आयोगले मिति २०७६/२/१५ मा सूचना नं. ५२९/०७५-७६ र ५३०/०७५-७६ जारी गरी विभिन्न स्थानीय तहहरूमा रिक्त अधिकृत छैठौं, सहायक पाचौं र चौथो तहका ९,१६१ (नौ हजार एक सय एकसठ्ठी) पदमा लोक सेवा आयोगबाट कर्मचारी स्थायी पदपूर्ति गरिसकेको स्थिति रहेको छ।
  - स्पष्ट कानूनी आधार हुँदाहुदै पनि स्वीकृत रिक्त स्थायी दरबन्दीहरू पदपूर्तिका लागि प्रदेश सरकार र स्थानीय तहहरूबाट माग भई नआएको अवस्था छ। यस विषयमा धेरै पटक छलफल हुँदा समेत स्थायी पदपूर्तिका लागि प्रदेश सरकार सहमत हुन नसक्दा प्रदेश लोक सेवा आयोगले विज्ञापन प्रकाशित गर्न सकेको छैन। यसरी लामो अवधिसम्म रिक्त पदहरूमा स्थायी पदपूर्तिमा चासो नदिनु गम्भीर विषय बन्न पुगेको छ। जसबाट प्रदेश सरकार र स्थानीय तहको काम कारबाहीमा प्रत्यक्ष असर परी जनताले पाउनु पर्ने सेवा र काम कारबाहीमा नकारात्मक सन्देश गइरहेको छ।

## परिच्छेद ८

# सुझाव

### ८.१ सुझावहरूः

१. कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ मा "प्रदेश वा स्थानीय तहको सेवाको लागि दफा ३ बमोजिम कायम गरिएको दरबन्दीमा दफा ६ र ७ बमोजिम समायोजन गर्दा समेत त्यस्तो दरबन्दी पूरा हुन नसकेमा सम्बन्धित प्रदेश वा स्थानीय तहले प्रदेश लोक सेवा आयोगमा पदपूर्तिको लागि अनुरोध गरी पठाउनु पर्ने" भन्ने स्पष्ट व्यवस्थालाई प्रदेश सरकार र स्थानीय तहहरूले अनुसरण गरी पदपूर्तिको कार्य तत्काल अघि बढाउनु पर्ने।

२. पदपूर्तिको लागि माग भई आएमा प्रदेश लोक सेवा आयोगले सम्बन्धित प्रदेश वा स्थानीय तहको सेवाको कानून नबनेसम्म निजामती सेवा सम्बन्धी प्रचलित कानूनको व्यवस्था बमोजिम पदसङ्ख्या निर्धारण गरी पदपूर्ति गर्ने।

३. सेवाका सर्त र सुरक्षा सम्बन्धी दफा १५ को उपदफा २ अनुसार संघ, प्रदेश र स्थानीय तहका कर्मचारीको सेवा, सर्त र सुरक्षा सम्बन्धी कानून नबनेसम्मको लागि समायोजन हुनु पूर्वको सेवाका सर्त र सुविधा बमोजिम नै हुने स्पष्ट व्यवस्थालाई उपयोग गर्नु पर्ने।

४. कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था बमोजिम प्रदेश लोक सेवा आयोग गठन भइनसकेको कारणले गर्दा लोक सेवा आयोग (संघ) ले ९,१६१ पदहरू स्थानीय तहहरूमा पदपूर्ति गरिसकेको हुँदा प्रदेश निजामती सेवा ऐनको व्यवस्था नभएकै कारणले रिक्त पदहरूमा खुला प्रतियोगिताबाट पदपूर्ति गर्न बाधा नपर्ने भएकोले **प्रदेश सरकारलाई अत्यावश्यक सेवाका लागि आवश्यक पर्ने कर्मचारीहरू** निर्दिष्ट गरी पदपूर्ति गर्न आयोगमा माग गरी पठाउनु पर्ने।

५. प्रचलित कानून बमोजिम प्रदेश सरकारबाट पदपूर्तिको माग भई आएपछि आयोगले बढीमा १२० दिन भित्र पदपूर्ति प्रक्रिया सम्पन्न गर्ने भएकोले सोही अनुसार सम्बन्धित मन्त्रालय, निकाय र स्थानीय तहले जनशक्ति व्यवस्थापन योजना बनाउनु पर्ने।

६. प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूको वृत्ति विकासमा समेत प्रतिकूल असर परेको साथै कानूनको अभावका कारण निजामती सेवाका विभिन्न सेवा समूहका कर्मचारीहरूको प्रशासनिक कार्यमा समेत विविध कठिनाई उत्पन्न भएकोले प्रदेश निजामती सेवा ऐन तथा नियमावली र स्थानीय तह कर्मचारी व्यवस्थापन सम्बन्धी कानूनहरू तर्जूमा गर्ने काम यथाशक्य चाँडो सम्पन्न गर्न प्रदेश सरकारको ध्यानाकर्षण हुनु पर्ने।

७. प्रदेश सरकारबाट यथा समयमा आयोगको स्वीकृत दरबन्दी अनुसारको जनशक्ति आपूर्ति गरी सहयोग गर्नु पर्ने।

८. प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोगले प्रदान गरेको परामर्शको सबै सरोकारवाला निकायहरूले पालना गर्नुपर्ने।

९. प्रदेश सरकार र सबै स्थानीय तहहरूले ६ महिनाभन्दा बढी अवधिको लागि अस्थायी पदपूर्ति गर्दा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोगको परामर्श लिनुपर्ने व्यवस्थालाई कडाईका साथ पालना गर्ने।

१०. प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले प्रदेशको राजधानीमा एक केन्द्रीय कार्यालय रहने र आवश्यकतानुसार शाखा कार्यालय स्थापना गर्न सकिने व्यवस्था गरेको तथा विज्ञ उपलब्धताको अवस्था, परीक्षा सञ्चालनको गाम्भीर्यता समेतलाई दृष्टिगत गर्दा काठमाडौं उपत्यका भित्र आयोगको एउटा शाखा कार्यालय स्थापना गर्नुपर्ने।

११.सबै संवैधानिक निकायहरूका प्रमुख आयुक्त, अध्यक्ष, आयुक्त र सदस्यको भन्दा माथिल्लो शैक्षिक योग्यता निर्धारण भएको र प्रतिष्ठाको हिसाबबाट पनि मर्यादाक्रम १५ मा नभई मर्यादाक्रम १२ मा संवैधानिक निकायका सदस्य तथा आयुक्तको पछि लगत्तै राख्नु पर्ने।

यसको थप स्पष्टीकरण निम्न बमोजिम दिइएको छः

प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यको प्रतिष्ठा अनुरूप प्रदेश लोक सेवा आयोगको गरिमा उच्च बनाइएको छ जुन कुरा निम्न प्रमाणित कारणबाट स्पष्ट झल्कन्छः

- सबै संवैधानिक निकायहरूमा शैक्षिक योग्यता स्नातक वा सो सरह तोकिएको तर लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यको लागि मात्र न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर उपाधि प्राप्त गरेको हुनु पर्ने व्यवस्था भएको।
- आयोगको अध्यक्ष र सदस्यको नियुक्तिको लागि प्रदेश प्रमुख समक्ष सिफारिस गर्न मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाको सभामुख र प्रदेश सभाको विपक्षी दलको नेता सदस्यहरू रहेको ३ (तीन) सदस्यीय सिफारिस समितिबाट अध्यक्ष तथा सदस्यको नाम सिफारिस गरी कम्तीमा एकजना सदस्य  बीस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरु मध्येबाट र बाँकी सदस्य विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाज शास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेको व्यक्तिहरू मध्येबाट गरिने व्यवस्था भएको।
- आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको भनी हटाउनु पर्ने अवस्था सिर्जना भएमा प्रदेश सभाका एक चौथाई सदस्यले अध्यक्ष वा सदस्य विरुद्ध आरोपको प्रस्ताव पेश गरी प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाई बहुमतले प्रस्ताव पारित गरेमा मात्र अध्यक्ष वा सदस्य पदबाट मुक्त हुने व्यवस्था भएको।


- नेपाल सरकारले २०७६ वैशाख १६ गते निर्धारण गरेको मर्यादाक्रम अनुसार लोक सेवा आयोगका अध्यक्षको मर्यादाक्रम नेपाल सरकारका मुख्य सचिवको मर्यादाक्रम भन्दा माथि राखिएको छ भने प्रदेश लोक सेवा आयोगका अध्यक्षको मर्यादाक्रम नेपाल सरकारको सचिव (राजपत्राङ्कित विशिष्ट श्रेणी) भन्दा तल राखिएको छ। नेपाल सरकारको सचिव (राजपत्राङ्कित विशिष्ट श्रेणी) को पदमा निवृत्त भइसकेको व्यक्तित्वलाई प्रदेश लोक सेवा आयोगका अध्यक्षको पदमा नियुक्ति गरी मर्यादाक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक सरहको मर्यादाक्रममा राखेको अवस्था अमिल्दो देखिएको। तसर्थ प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरूको योग्यता, नियुक्ति प्रक्रिया, प्रतिष्ठा तथा जिम्मेवारीको दृष्टिकोणले यसमा परिमार्जन गरी उक्त मर्यादाक्रम १२ मा संवैधानिक निकायका सदस्य तथा आयुक्तको पछि लगत्तै राख्नु पर्ने।

# अनुसूचीहरू

## अनुसूची १

## प्रदेश लोक सेवा आयोगको अस्थायी सङ्गठन संरचना र दरबन्दी

### प्रदेश लोक सेवा आयोगको सङ्गठनात्मक संरचना




### दरबन्दी तेरिज

| सेवा/समूह | तह | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | रा.प.प्रथम | नवौं/दशौं | सातौं/आठौं | छैठौं | पाँचौं | |
| प्रशासन/समान्य प्रशासन | १ | ३ | ७ | ४ | १३ | २८ |
| प्रशासन/लेखा | - | - | १ | - | १ | २ |
| न्याय/कानुन | - | - | १ | - | - | १ |
| शिक्षा | - | - | १ | - | - | १ |
| इञ्जिनियरिङ/विविध | - | - | १ | १ | ६ | ८ |
| ह.स.चा. | | | | | | ३ |
| का.स. | | | | | | ५ |
| जम्मा | १ | ३ | ११ | ५ | २० | ४८ |

**द्रष्टव्य** : हलुका सवारी चालक र कार्यालय सहयोगी पद करारबाट पदपूर्ति गर्न सकिनेछ ।

## अनुसूची २
## आन्तरिक कार्य विभाजन

| क्र.सं. | पदाधिकारीको नाम | जिम्मेवारी |
|---|---|---|
| १ | मा.अध्यक्ष सुरेश मान श्रेष्ठ | • प्रशासन तथा सूचना प्रकाशन<br>• आर्थिक प्रशासन<br>• प्रश्नपत्र परिमार्जन<br>• अन्तर्वार्ता तथा सिफारिस |
| २ | मा.सदस्य सुदर्शन प्रसाद ढकाल | • नीति नियम तथा कानून<br>• परीक्षा सञ्चालन<br>• लिखित परीक्षा नतिजा प्रकाशन<br>• निरीक्षण तथा अनुगमन |
| ३ | मा.सदस्य शर्मिला नेउपाने | • पाठ्यक्रम तथा परीक्षण प्रविधि<br>• सूचना प्रविधि<br>• लिखित परीक्षा नतिजा तयारी |

## अनुसूची ३
## आयोगका निर्णयहरूको विषयगत वर्गीकरण

| क्र.सं. | निर्णयका विषयहरू | निर्णय सङ्ख्या |
|---|---|---|
| | | २०७६/०७७ |
| १ | शैक्षिक योग्यता र पाठ्यक्रम | १ |
| २ | सुरक्षा निकाय तथा सङ्गठित संस्था | १ |
| ३ | विभागीय सजायको परामर्श | - |
| ४ | बढुवा सम्बन्धी | - |
| ५ | नीति–नियम सम्बन्धी | ८ |
| ६ | परीक्षा, अन्तर्वार्ता र नतिजा | - |
| ७ | विविध | ५ |
| **जम्मा** | | **१५** |

## अनुसूची ४
## आयोगको दरबन्दी तथा पदपूर्तिको अवस्था

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सा.प्र. | १ | - | १ |
| २ | अधिकृत नवौं/दशौं | अधिकृतस्तर नवौं/दशौं | प्रशासन | सा.प्र. | ३ | १ | २ |
| ३ | अधिकृत सातौं/आठौं | अधिकृतस्तर सातौं/आठौं | प्रशासन | सा.प्र. | ७ | ३ | ४ |
| ४ | अधिकृत सातौं/आठौं | अधिकृतस्तर सातौं/आठौं | प्रशासन | लेखा | १ | १ | ० |
| ५ | अधिकृत सातौं/आठौं | अधिकृतस्तर सातौं/आठौं | न्याय | कानून | १ | - | १ |
| ६ | अधिकृत सातौं/आठौं | अधिकृतस्तर सातौं/आठौं | शिक्षा | | १ | - | १ |
| ७ | क.इञ्जिनियर सातौं/आठौं | अधिकृतस्तर सातौं/आठौं | इञ्जि./विविध | विविध | १ | - | १ |
| ८ | अधिकृत छैठौं | अधिकृतस्तर छैठौं | प्रशासन | सा.प्र. | ४ | - | ४ |
| ९ | कम्प्यूटर अधिकृत छैठौं | अधिकृतस्तर छैठौं | विविध | | १ | - | १ |
| १० | सहायक पाँचौं | सहायकस्तर पाँचौं | प्रशासन | सा.प्र. | १३ | - | १३ |
| ११ | सहायक पाँचौं | सहायकस्तर पाँचौं | प्रशासन | लेखा | १ | - | १ |
| १२ | कम्प्यूटर अपरेटर पाँचौं | सहायकस्तर पाँचौं | विविध | | ६ | - | ६ |
| १३ | हलुका सवारी चालक | | | | ३ | १ | २ |
| १४ | कार्यालय सहयोगी | | | | ५ | ३ | २ |
| **जम्मा** | | | | | ४८ | ९ | ३९ |

## अनुसूची ५
## आयोगमा कार्यरत कर्मचारीहरूको विवरण

### स्थायी कर्मचारीहरू

| क्र.सं | कर्मचारीको नामथर | पद | सेवा/समूह | अवस्था |
|---|---|---|---|---|
| १ | श्री भोला दाहाल | निमित्त सचिव | प्रशासन/सामान्य प्रशासन | कार्यरत |
| २ | श्री टेकेन्द्र अधिकारी | अधिकृत सातौं | प्रशासन/सामान्य प्रशासन | कार्यरत |
| ३ | श्री राजु राज अर्याल | अधिकृत सातौं | प्रशासन/सामान्य प्रशासन | कार्यरत |
| ४ | श्री सबिना ढकाल | अधिकृत सातौं | प्रशासन/सामान्य प्रशासन | कार्यरत |
| ५ | श्री राजेन्द्र पाण्डे | लेखा अधिकृत सातौं | प्रशासन/लेखा | कार्यरत |
| ६ | श्री अरूणकुमार पौडेल | अधिकृत छैठौं | प्रशासन/सामान्य प्रशासन | अवकाश |
| ७ | श्री बाबुराम आचार्य | अधिकृत छैठौं | प्रशासन/सामान्य प्रशासन | सरूवा |

### करारमा कार्यरत कर्मचारीहरू

| क्र.सं | कर्मचारीको नामथर | पद | सेवा/समूह | अवस्था |
|---|---|---|---|---|
| १ | श्री अनुप लोपचन | हलुका सवारी चालक | - | |
| २ | श्री सरिता कार्की | कार्यालय सहयोगी | - | |
| ३ | श्री निरज बानियाँ | कार्यालय सहयोगी | - | |
| ४ | श्री खिल बहादुर आले | कार्यालय सहयोगी | - | |

## अनुसूची ६

## महत्वपूर्ण भौतिक साधनहरूको अवस्था

| क्र.सं. | बिविवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | घर जग्गा | - | - | भाडामा रहेको |
| २ | सवारी साधन-कार | थान | १ | हस्तान्तरण भई नसकेको |
| ३ | मोटरसाइकल | थान | २ | |
| ४ | डेस्कटप कम्प्यूटर | थान | ४ | |
| ५ | प्रिन्टर | थान | २ | |
| ६ | प्रोजेक्टर | थान | १ | |
| ७ | स्क्यानर | थान | १ | |
| ८ | सोफा सेट | सेट | ५ | |
| ९ | स्टिल दराज | थान | ५ | |
| १० | टि टेबल | थान | ४ | |
| ११ | भिजिटर कुर्सी | थान | १८ | |
| १२ | अफिस कुर्सी-साधारण | थान | ६ | |
| १३ | अफिस चियर-नेट | थान | ५ | |
| १४ | अफिस चियर-हेभी | थान | २ | |
| १५ | अफिस टेबल | थान | ६ | |

## अनुसूची ७

## अन्तर प्रदेश लोक सेवा आयोग हेटौडा साझा अवधारणा तथा प्रतिबद्धता पत्र, २०७६

(मितिः २०७६ फागुन १५ गते बिहीबार, हेटौडा)

नेपालको संविधानको भाग–२३ लोक सेवा आयोग, धारा २४४ अनुसार प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने संवैधानिक व्यवस्था भएको र संविधानमा भएको ब्यवस्था बमोजिम संघीय संसदले कानून बनाई प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ समेत जारी भइसकेको छ। यसै आधार र मापदण्ड अनुसार प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिलाई व्यवस्थित गर्न प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग ऐन जारी भएको छ। प्रदेश नं. १, प्रदेश नं. २, बागमती प्रदेश र प्रदेश नं. ५ गरी हालसम्म चारवटा प्रदेशहरूमा प्रदेश लोक सेवा आयोग गठन समेत भई कार्य प्रारम्भ भएको छ।

संघीय निजामती सेवा विधेयक छलफलमा रहेको कारणले प्रदेश तथा स्थानीय तहको निजामती सेवा ऐन नियमहरू हालसम्म व्यवस्था हुन नसकेको भएतापनि सबै आयोगको कार्य प्रकृति र गठन प्रक्रिया समान रहेको हुँदा आयोगहरूबाट सम्पादन हुने कार्यमा एकरूपता ल्याउन, अन्तर प्रदेश सहकार्य र अनुभव आदान प्रदान गर्न तथा प्रदेश लोक सेवा आयोगको अन्य कानूनी तथा व्यवस्थापकीय पक्षमा साझा अवधारणा निर्माण गरी अगाडि बढनुपर्ने अवस्था महसुस गरी हालसम्म गठन भइसकेका सबै प्रदेश लोक सेवा आयोगको अध्यक्ष, सदस्यहरू र जिम्मेवार राष्ट्रसेवक कर्मचारीहरू एवम् आयोग गठन भई नसकेका प्रदेशहरूका प्रतिनिधित्व गर्ने राष्ट्रसेवक कर्मचारीहरूको सहभागितामा बागमती प्रदेशका माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेलको प्रमुख आतिथ्यता एवम् अन्य विशिष्ट व्यक्तित्वको गरिमामय उपस्थितिमा उद्घाटन सत्र

सञ्चालन भएको र यस सत्रमा विषय विज्ञको रूपमा लोक सेवा आयोगका पूर्व माननीय सदस्य डा. गोविन्दप्रसाद कुसुमबाट "आयोगको काम र भावीकार्य दिशा" विषयमा कार्यपत्र प्रस्तुतिका साथै बागमती प्रदेश, प्रदेश सभाका माननीय सभामुख श्री सानु कुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा समापन कार्यक्रम सहित मिति २०७६ साल फागुन १४ र १५ गते दुई दिने अन्तर प्रदेश लोक *सेवा आयोग प्रथम कार्यशाला गोष्ठी* बागमती प्रदेशको राजधानी हेटौंडामा सम्पन्न गरी निम्नलिखित बुँदाहरूसहितको अन्तर प्रदेश लोक सेवा आयोग हेटौडा साझा अवधारणा तथा प्रतिबद्धता पत्र, २०७६ जारी गरिएको छः

**आयोगको मूल्य र मान्यता**

१. संविधानको धारा ३०६ को उपधारा (१) (ठ) बमोजिम व्यवस्था भएको "संवैधानिक निकाय" भन्नाले यस संविधान बमोजिम गठन गरिएका आयोगहरूमध्ये लोक सेवा आयोग पनि उल्लेख भएको र संविधानको भाग–२३ लोक सेवा आयोग, धारा २४४ अनुसार प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था भए बमोजिम गठित प्रदेश लोक सेवा आयोगको पहिचान र प्रतिष्ठालाई अक्षुण राखी प्रदेश लोक सेवा आयोगलाई सम्मानित र मर्यादित बनाउन आयोगका पदाधिकारीहरू सदैव कटिबद्ध रहने,

२. आफ्नो कार्य क्षेत्रभित्रका विभिन्न निकायहरूको रिक्त पदहरूको पदपूर्तिको लागि उम्मेदवारको छनौटलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन संघीय कानून बमोजिम अपनाइएको सिद्धान्त र मापदण्डहरूलाई प्रदेश लोक सेवा आयोगहरूले दृढताका साथ अवलम्बन गर्ने,

३. संघीय संसदबाट पारित भइ जारी भएको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन २०७५ लाई आत्मसात गर्दै आवश्यकता अनुसार लोक सेवा आयोगको सहयोग लिन सदैव अग्रसर रहने,

४. प्रदेश लोक सेवा आयोगहरूले तयार गर्ने पाठ्यक्रमहरूमा यथासम्भव एकरूपता कायम गर्ने गरी आपसी समन्वय गर्ने,

५. योग्यता प्रणालीको आधारमा स्वच्छता र निष्पक्षता कायम गरी प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक सङ्ख्यामा उत्कृष्ट र दक्ष जनशक्ति उपलब्ध गराउन सदैव प्रयत्नशील रहने,

**नीतिगत**

१. संघीय निजामती सेवा ऐन नियम, प्रदेश निजामती सेवा ऐन नियम तथा स्थानीय सरकारी सेवा ऐन नियमहरूको व्यवस्था गरी आयोगलाई आफ्नो जिम्मेवारी निर्वाहमा दीर्घकालीन योजना सहित अघि बढ्न सहजताका लागि तिनै तहका सरकारहरूको ध्यानाकर्षण गराउने,

२. कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ मा भएको व्यवस्था बमोजिम प्रदेश र स्थानीय तहको सेवा सम्बन्धी कानून नबनेसम्म निजामती सेवा सम्बन्धी प्रचलित कानून बमोजिम पदसङ्ख्या निर्धारण गरी पदपूर्ति गर्ने,

३. समायोजन पछि प्रदेश सरकारका निकायहरू र स्थानीय तहहरूमा रिक्त रहेका माथिल्ला पदहरूमा भर्नाको जटिलतालाई फुकाउन संघीय निजामती सेवा ऐनमा विशेष व्यवस्था आवश्यक देखिएको हुँदा यस बारेमा लिखित रूपमा प्रदेश सरकार मार्फत नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जानकारी गराउने,

**कार्यगत**

१. प्रदेश सरकारको कार्य सम्पादनलाई प्रभावकारी बनाई जनतालाई सर्वसुलभ सेवा प्रदान गर्न अहम् भूमिका खेल्ने सक्षम जनशक्तिको समयमा नै पदपूर्ति गर्ने कार्य प्रदेश लोक सेवा आयोगको भएको कुरालाई गम्भीरतापूर्वक मनन गर्ने,

२. प्रदेश सरकार तथा स्थानीय तहलाई प्रभावकारी रूपमा कार्य सम्पादन गर्न आवश्यक पर्ने योग्य जनशक्ति यथा समयमा नै पदपूर्ति गरी जनशक्ति व्यवस्थापनमा टेवा पुर्याउने,

३. कार्यतालिका निर्माण, शैक्षिक योग्यता र पाठ्यक्रम निर्माण, दरखास्त फाराम, माग सङ्कलन र पदपूर्तिको पदसङ्ख्या निर्धारण, विज्ञापन, लिखित परीक्षा सञ्चालन, उत्तरपुस्तिका, सङ्केत नम्बर तथा

परीक्षण, लिखित परीक्षा नतिजा प्रकाशन, प्रयोगात्मक परीक्षा, सामूहिक छलफल तथा अन्तर्वार्ता, अन्तिम नतिजा प्रकाशन तथा सिफारिस गर्ने तथा निरीक्षण, बढुवा उजुरी, परामर्श, दक्ष वा विशेषज्ञको सेवा, गोपनीयता कायम गर्ने, वार्षिक प्रतिवेदन, नियम बनाउने सम्बन्धी व्यवस्थाहरू लगायतका आवश्यक कार्यहरू गरी प्रदेश लोक सेवा आयोगको दक्षता र प्रभावकारिताको अभिवृद्धि गर्ने,

४. प्रदेश लोक सेवा आयोगहरूले आ-आफ्नो नियमावली, पाठ्यक्रम लगायतका नीतिगत व्यवस्थाहरू गरी २०७७ साल असार भित्र समायोजन ऐन, २०७५ बमोजिम परीक्षा सञ्चालन गर्ने गरी वार्षिक कार्यतालिका तयार गर्ने,
५. आयोगको कार्य सम्पादनमा प्रभावकारिता अभिवृद्धि गर्न सबैले अनलाइन प्रणालीको विकास गर्ने,
६. प्रदेश सरकार र स्थानीय तहहरूलाई रिक्त पदहरू पदपूर्तिका लागि तोकिए बमोजिमको ढाँचामा माँगहरू पठाउन तत्काल पत्राचार गर्ने,
७. प्रदेश लोक सेवा आयोग ऐन नियम बमोजिम अनुगमनको कामलाइ समेत प्रभावकारी बनाउने,

<u>अन्य</u>

१. काम कारबाहीमा एकरूपता ल्याउन प्रदेश लोक सेवा आयोगहरू बीच एक आपसमा अनुभवको आदान प्रदान, समन्वय र सहकार्यको संस्कृति विकास गर्ने,
२. प्रदेश लोक सेवा आयोगहरूले आ-आफ्नो (लोगो) प्रतिक चिन्ह उपयोग गर्ने,
३. कुनै एक प्रदेशको प्रदेश लोक सेवा आयोगले अर्को प्रदेशको प्रदेश लोक सेवा अयोगको दक्ष विशेषज्ञको नामावलीको सूचीबाट पनि सहयोग लिन सक्ने गरी आयोगहरू बीच विशेषज्ञको नामावलीको सूची आदान प्रदान गर्ने,
४. स्वीकृत वार्षिक कार्यक्रम र उपलब्ध बजेटका आधारमा प्रदेश भित्रका जिल्लाहरूमा प्रदेश लोक सेवा आयोगको वार्षिक कार्यतालिका र आयोगले लिने परीक्षाहरूको वारेमा जिल्लास्तरमा सचेतना कार्यक्रम गरी बढी भन्दा बढी जन सहभागिताको वातावरण बनाउने,

५. स्वीकृत दरबन्दी अनुसार प्रदेश लोक सेवा आयोगलाई कर्मचारीहरू उपलब्ध गराउन सम्बन्धित प्रदेश सरकारलाई अनुरोध गर्ने,

६. अन्तर प्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठीको आयोजना गर्ने प्रदेश लोक सेवा आयोग बागमती प्रदेशलाई धन्यवाद दिदै अन्तर प्रदेश लोक सेवा आयोग दोश्रो कार्यशाला गोष्ठी २०७७ सालमा प्रदेश लोक सेवा आयोग, प्रदेश नम्बर १ ले बिराटनगरमा आयोजना गर्ने,

७. गोष्ठीको आयोजना र कार्यक्रम सफल बनाउन सहयोगका लागि बागमती प्रदेशका माननीय मुख्यमन्त्री, माननीय प्रदेश सभामुख, श्रीमान् प्रमुख सचिव लगायत सबैप्रति हार्दिक आभार तथा धन्यवाद प्रकट गर्ने।

## अनुसूची ८

## आयोगको विनियोजित बजेट, निकासा र खर्च

### चालु र पूंजिगत खर्च शीर्षकको प्रगति विवरण

| क्र. सं. | बजेट उपशिर्षक नं. | कुल बजेट | आ.ब.२०७६/०७७ को | |
|---|---|---|---|---|
| | | | कुल खर्च | खर्च प्रतिशत |
| १ | चालु खर्च | २८०६२०००.०० | ७९०७४२३.५० | २८.१८ |
| २ | पुँजीगत खर्च | १७६६००००.०० | २४७०७६९.०० | १३.९९ |

### चालु तर्फ

| खर्च/वित्तीय संकेत नं | खर्च/वित्तीय संकेतको नाम | अन्तिम बजेट | जम्मा खर्च |
|---|---|---|---|
| २११३४ | कर्मचारी बैठक भत्ता | ८०००००.०० | २८०५००.०० |
| २११४२ | पदाधिकारी अन्य सुविधा | १४०२०००.०० | १२४६८७८.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १०००००.०० | ६६४१८.०० |
| २२२१४ | विमा तथा नवीकरण | १२००००.०० | ०.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत तथा सञ्चालन खर्च | ७००००.०० | ०.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | १६५००००.०० | ९२०८७१.०० |
| २२४११ | सेवा र परामर्श | २५००००.०० | ०.०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | १५००००.०० | ०.०० |
| २२५२२ | कर्मचारी तालिम खर्च | १५००००.०० | १७५१५.०० |
| २२५२२ | कार्यक्रम खर्च | ३९५००००.०० | ३९२१००.०० |
| २८१४२ | घरभाडा | २४०००००.०० | ७८४०००.०० |

### पुँजीगत तर्फ

| खर्च/वित्तीय संकेत नं | खर्च/वित्तीय संकेतको नाम | अन्तिम बजेट | जम्मा खर्च |
|---|---|---|---|
| ३११२१ | सवारी साधन | १३०१००००.०० | ४९९८००.०० |
| ३११२२ | मेशिनरी तथा औजार | २७२००००.०० | १४६८८१.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | १९३००००.०० | १८२४०८८.०० |

## अनुसूची ९

# आयोगबाट सङ्कलित राजस्व र धरौटी

| क्र. सं. | कर राजश्व | | गैरकर राजश्व | |
|---|---|---|---|---|
| | शीर्षक | संकलित रकम | शीर्षक | संकलित रकम |
| १ | - | - | १४२२९ | ९०००/- |

## अनुसूची १०

# शैक्षिक योग्यता र पाठ्यक्रम निर्माण

| क्र.सं. | पद | सेवा/समूह/उपसमूह | तह | निर्णय मिति | लागू हुने मिति |
|---|---|---|---|---|---|
| १ | इञ्जिनियर | नेपाल इञ्जिनियरिङ्ग/सिभिल/बिल्डिङ्ग एण्ड आर्किटेक्ट | अधिकृत सातौं | २०७७/३/१९ | २०७७/३/१९ |
| २ | इञ्जिनियर | नेपाल इञ्जिनियरिङ्ग/सिभिल/हाइवे | अधिकृत सातौं | २०७७/३/१९ | २०७७/३/१९ |
| ३ | सब इञ्जिनियर/ ओभरसियर | नेपाल इञ्जिनियरिङ्ग/सिभिल/बिल्डिङ्ग एण्ड आर्किटेक्ट | सहायक पाँचौं | २०७७/३/१९ | २०७७/३/१९ |
| ४ | सब इञ्जिनियर/ ओभरसियर | नेपाल इञ्जिनियरिङ्ग/सिभिल/जनरल र हाइवे | सहायक पाँचौं | २०७७/३/१९ | २०७७/३/१९ |
| ५ | ल्याब टेक्निसियन | नेपाल इञ्जिनियरिङ्ग/सिभिल/हाइवे | सहायक पाँचौं | २०७७/३/१९ | २०७७/३/१९ |

**अनुसूची ११**

**बागमती प्रदेशका मा. मुख्यमन्त्री तथा मा. मन्त्रीहरूलाई गरिएको ध्यानाकर्षण सहितको पत्राचार**

# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश

## हेटौडा, मकवानपुर

**प.सं. ०७६/०७७**

**च.नं. १४२**

मितिः२०७७/०३/०२

माननीय मुख्यमन्त्रीज्यू,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौडा।

**विषयः बागमती प्रदेश अन्तर्गतको रिक्त दरबन्दीमा पदपूर्ति सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस बागमती प्रदेश सरकारका काम कारबाहीलाई ऊर्जाशीलता र प्रभावकारिता प्रदान गर्न आवश्यक पर्ने मन्त्रालयहरू र अन्तर्गतका विभिन्न सेवा, समूह, उपसमूह र तहमा रिक्त रहेका दरबन्दीमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धमा आयोगले मनन गरी मिति २०७६/०२/३० मा देहाय बमोजिम चिन्तन गरी निर्णय भएकोले सो अनुसार ध्यानाकर्षण भई रिक्त दरबन्दीमा पदपूर्तिको लागि आवश्यक पहल गरिदिनुहुन विनम्रतापूर्वक अनुरोध गर्दछुः

- कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश सरकार र स्थानीय तहका निजामती सेवाका रिक्त पदहरूमा पदपूर्ति गर्ने काम प्रदेश लोक सेवा आयोगको जिम्मेवारी भित्रको विषय हो। प्रदेश लोक सेवा आयोगले पूर्णता पाए लगत्तै आयोगले परीक्षाको आवश्यक तयारी गर्दै गरेको अवस्थामा कोरोना महामारीको विपत्तिको सामना विश्वले गर्नु पऱ्यो। जसले नेपाल पनि प्रभावित भयो।
- नेपाल सरकार (संघ) ले संसदमा पेश गरेको आ.व. २०७७/०७८ को बजेट वक्तव्य अनुसार विद्यमान कोरोना महामारीका कारण **अत्यावश्यक पदहरू बाहेक** अन्य पदहरूमा पदपूर्ति नगरिने नीति लिइएबाट यसको सम्वेदनशीलता अनुमान गर्न सकिन्छ।
- कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ बमोजिम सङ्घीय निजामती सेवाका कर्मचारीहरूको प्रदेश र स्थानीय तहमा समायोजन प्रक्रिया समाप्त भई बागमती प्रदेशका लागि स्वीकृत दरबन्दी कूल ३७६४ भएता पनि करिब २५ प्रतिशत भन्दा बढी पदहरू रिक्त रहेका छन्, अझै नियमित प्रक्रिया बमोजिम कैयन कर्मचारीको अवकाश र स्वेच्छिक राजीनामाका कारण पदहरू रिक्त हुने क्रम रोकिएका छैनन्। भौतिक पूर्वाधार विकास मन्त्रालयले ३ महिना अगावै र सामाजिक विकास मन्त्रालयले २ महिना अगावै रिक्त रहेका अत्यावश्यक पदहरू पदपूर्तिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरी यस **आयोगलाई बोधार्थ दिएका** छन्। प्रदेश सरकारका सबैजसो मन्त्रालयहरूमा कर्मचारीको अभावका कारण कामहरू प्रभावित भएका छन्। यसरी कर्मचारी अभाव ज्यादै बढ्दै गइरहेको हुँदा प्रदेश सरकारको कार्यसम्पादनमा प्रत्यक्ष असर परेको एवम् त्यस्तै गरी स्थानीय तहमा यही अवस्था रहेको भन्ने कुरा जानकारीमा आएको छ।
- **कर्मचारी समायोजन ऐन २०७५ को दफा १२ बमोजिम प्रदेश लोक सेवा आयोगको गठन पश्चात् रिक्त रहेका पदहरूमा प्रदेश लोक सेवा आयोगले मात्र पदपूर्ति गर्न सक्ने व्यवस्था रहेको छ ।**
- मिति २०७७ साल ज्येष्ठ १३ मा पेश भई पारित भएको प्रदेश सरकारको नीति तथा कार्यक्रमको बुँदा नं. १४ मा **"आयोगको क्षमता अभिवृद्धि गर्न जनशक्ति, साधन श्रोतले सम्पन्न गराइने छ।** **संघीय**

<u>सरकारसँगको समन्वयमा</u> **आगामी आ.व. देखि जनशक्ति आपूर्ति गर्ने कार्यलाई अगाडि बढाइनेछ।**" भन्ने व्यवस्था उल्लेख भएको छ। अर्को तर्फ नेपाल सरकार (संघ) को आ.व. २०७७/०७८ को बजेट वक्तव्यको बुँदा नं २९५ अनुसार **अत्यावश्यक सेवा बाहेकका** सार्वजनिक निकायका सबै रिक्त दरबन्दीमा नयाँ नियुक्ति रोक्का राख्ने व्यवस्था गरेको कुरा उल्लेख छ। **जसबाट अत्यावश्यक सेवाका सार्वजनिक निकायका पदहरूमा मात्र पूर्ति गर्न जोड दिएको देखिन्छ।** <u>प्रदेश सरकारले संघीय सरकारको भन्दा फरक ढंगले कर्मचारी भर्नाको नीति अवलम्बन गर्न पनि सक्ने नै देखिन्छ।</u>

- प्रदेश निजामती सेवा ऐनको मस्यौदा हालसम्म भएको छैन। यसले प्रदेश सरकार र स्थानीय तहमा कार्यरत कर्मचारीहरूको वृत्ति विकासमा समेत अन्यौल सिर्जना गरेको पनि छ।
- संघीय प्रहरी ऐनको मस्यौदा छलफलकै अवस्थामा भएको वेला प्रदेश प्रहरी विधेयक प्रदेश सभामा पेश भई प्रदेश प्रहरीको व्यवस्थापन हुने र पदपूर्तिमा समेत सहजता हुने आयोगको विश्वास छ।
- स्वास्थ्य सेवाको कुनै पद कुनै तरिकाबाट रिक्त भएमा सोको जानकारी पद रिक्त भएको एक महिनाभित्र सम्बन्धित निकायले लोक सेवा आयोगलाई दिनु पर्ने स्पष्ट व्यवस्था स्वास्थ्य सेवा नियमावलीको दफा ८क को उपदफा (२) मा रहेको छ।
- **यिनै पृष्ठभूमिमा आयोगको देहाय बमोजिम निर्णय भएकोले सो अनुसार रिक्त दरबन्दीमा पदपूर्तिको लागि आवश्यक पहल गरिदिनुहुन अनुरोध गर्दछु:**

क. कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ मा पदपूर्तिको लागि माग गर्न सक्नेमा प्रदेश वा स्थानीय तहको सेवाको लागि दफा ३ बमोजिम कायम गरिएको दरबन्दीमा दफा ६ र ७ बमोजिम समायोजन गर्दा समेत त्यस्तो दरबन्दी पूरा हुन नसकेमा सम्बन्धित प्रदेश वा स्थानीय तहले प्रदेश लोक सेवा आयोगमा पदपूर्तिको लागि अनुरोध गरी पठाउन सक्ने। यसरी अनुरोध भई आएमा प्रदेश लोक सेवा आयोगले सम्बन्धित प्रदेश वा स्थानीय तहको सेवाको कानून नबनेसम्म निजामती सेवा सम्बन्धी प्रचलित कानूनको व्यवस्था बमोजिम पदसङ्ख्या

निर्धारण गरी पदपूर्ति गर्न सक्नेछ। सेवाका सर्त र सुरक्षा सम्बन्धी दफा १५ को उपदफा २ अनुसार संघ, प्रदेश र स्थानीय तहका कर्मचारीको सेवा, सर्त र सुरक्षा सम्बन्धी कानून नबनेसम्मको लागि समायोजन हुनु पूर्वको सेवाका सर्त र सुविधा बमोजिम नै हुने स्पष्ट व्यवस्था छ। यही कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था बमोजिम लोक सेवा आयोग (संघ) ले ९,१६१ पदहरू स्थानीय तहहरूमा पदपूर्ति गरिसकेको हुँदा प्रदेश निजामती सेवा ऐनको व्यवस्था नभएको कारणले रिक्त पदहरूमा खुला प्रतियोगिताबाट पदपूर्ति गर्न बाधा नपर्ने भएकोले **प्रदेश सरकारलाई अत्यावश्यक सेवाका लागि आवश्यक पर्ने कर्मचारीहरू** निर्दिष्ट गरी पदपूर्ति गर्न यस आयोगमा माग गरी पठाउनु हुन।

ख. प्रचलित कानून बमोजिम त्यहाँबाट पदपूर्तिको माग भई आएपछि आयोगले बढीमा १२० दिन भित्र पदपूर्ति प्रक्रिया सम्पन्न गर्ने भएकोले सोही अनुसार जनशक्ति व्यवस्थापन योजना बनाउनु हुन।

ग. प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूको वृत्ति विकासमा समेत प्रतिकूल असर परेको साथै कानूनको अभावका कारण निजामती सेवाका विभिन्न सेवा समूहका कर्मचारीहरूको प्रशासनिक कार्यमा समेत विविध कठिनाई उत्पन्न भएकोले प्रदेश निजामती सेवा ऐन तथा नियमावली तर्जूमा गर्ने काम यथाशक्य चाँडो सम्पन्न गर्नको लागि ध्यानाकर्षण हुन।

द.

(सुरेश मान श्रेष्ठ)
अध्यक्ष



आयोगका अध्यक्ष श्री सुरेश मान श्रेष्ठ माननीय प्रदेश प्रमुख विष्णु प्रसाद प्रसाईं समक्ष पद तथा गोपनीयताको शपथ लिनुहुँदै




आयोगका अध्यक्ष श्री सुरेश मान श्रेष्ठ पदभार सम्हाल्दै




आयोगका अध्यक्ष श्री सुरेश मान श्रेष्ठ कार्यालयका कर्मचारीहरूको साथमा




आयोगका अध्यक्ष श्री सुरेशमान श्रेष्ठ र निमित्त सचिव श्री भोला दाहाल लोक सेवा आयोगका पदाधिकारीहरू र सचिवसँग लोक सेवा आयोगको कार्यालय अनामनगरमा छलफल गर्दै



आयोगका सदस्य द्वय श्री सुदर्शन प्रसाद ढकाल र श्री शर्मिला नेउपाने माननीय प्रदेश प्रमुख विष्णु प्रसाद प्रसाईं समक्ष पद तथा गोपनीयताको शपथ लिनुहुँदै



आयोगका अध्यक्ष र सदस्यहरू शपथ ग्रहण पछि माननीय प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री र बागमती प्रदेशका माननीय सभामुखसँग




आयोगका सदस्यद्वय श्री सुदर्शन प्रसाद ढकाल र श्री शर्मिला नेउपाने पदभार सम्हाल्दै




आयोगका अध्यक्ष र सदस्यहरू कार्यालयका कर्मचारीहरूसँग आयोगको परिसरमा




बागमती प्रदेशका माननीय मुख्यमन्त्री डोरमणि पौडेलज्यू अन्तरप्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठीको समुद्घाटन गर्नुहुँदै




आयोगका अध्यक्ष श्री सुरेश मान श्रेष्ठ अन्तर प्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठीमा आफ्नो मन्तव्य राखुहुँदै




आयोगका सदस्य श्री सुदर्शन प्रसाद ढकाल अन्तर प्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठीमा आफ्नो मन्तव्य राख्नुहुँदै




बागमती प्रदेशका माननीय मुख्यमन्त्री डोरमणि पौडेलज्यू अन्तर प्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठीमा आफ्नो मन्तव्य राख्नुहुँदै



बागमती प्रदेशका प्रमुख सचिव श्री तोयम राया अन्तर प्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठीमा आफ्नो मन्तव्य राख्नुहुँदै




कार्यक्रममा सहभागी पदाधिकारी तथा कर्मचारीहरू र साथमा बागमती प्रदेशका माननीय सभामुख सानु कुमार श्रेष्ठज्यू




प्रदेश लोक सेवा आयोग प्रदेश नं. १, प्रदेश नं. २, बागमती प्रदेश र प्रदेश नं. ५ का अध्यक्षज्यूहरू



सहभागी आयोगका पदाधिकारी तथा कर्मचारीहरू छलफलमा



सहभागी आयोगका पदाधिकारी तथा कर्मचारीहरू छलफलमा



सहभागी आयोगका पदाधिकारी तथा कर्मचारीहरू छलफलमा




कार्यक्रम समापन पश्चात् बागमती प्रदेश लोक सेवा आयोगका पदाधिकारी तथा कर्मचारीहरू




भाडामा रहेको आयोगको कार्यालय भवन

**प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश**
हेटौंडा-५, मकवानपुर, नेपाल
फोनः ०५७-५९०६१३, ५९०६१४, ५९०६१५
इमेलः info.spsc@bagamati.gov.np
वेबसाइटः spsc.bagamati.gov.np